# दिनेश अधिकारीका गीतमा वर्गीय उत्पीडन

**डा. गीता त्रिपाठी**
उपप्राध्यापक
त्रि.वि. रत्न राज्यलक्ष्मी क्याम्पस, प्रदर्शनीमार्ग

**सार**

प्रस्तुत शोधपरक लेख गीतकार दिनेश अधिकारीका गीतमा प्रकट भएका वर्गीय उत्पीडनको खोजी र विश्लेषणमा केन्द्रित रही पूरा गरिएको छ । वर्गीय उत्पीडन भन्नाले समाजमा सामन्ती सत्ताले श्रमजीवी वर्गमाथि हैकम चलाई तिनलाई आर्थिक अवसरबाट बन्चित गराई सम्पूर्ण रूपमा कमजोर बनाउने र तिनका श्रमबाट धन थुपारी आफू विलासी जीवन बिताई तिनै कमजोरमाथि शासन गर्ने प्रवृत्तिबाट सिर्जित विभेद र दमनको स्थितिलाई बुझाउँछ । नेपालमा यस्ता विभेदका विरुद्धमा गीत रचना गरी गाइने पुरानो प्रचलन रहेको छ । दिनेश अधिकारीका गीतको पाठपरक अध्ययन गरी सोद्देश्य चयन गरिएका दश वटा गीतहरूलाई वर्गीयताको सैद्धान्तिक मान्यतामा आधारित भई विश्लेषण गर्दा यी गीतहरूमा निम्नवर्गीय श्रमजीवीमाथि भएको शोषण, दमन र तिनमाथि लादिएको दासत्वसहितको उत्पीडनको स्थिति पाइएको छ । तिनको विश्लेषणबाट मुक्तिका निम्ति गरिएको प्रतिरोधी चेतनाका हिसाबले दिनेश अधिकारीका गीतहरू सशक्त रहेको निष्कर्ष प्राप्त भएको छ ।

**शब्दकुञ्जी** : पुँजीवाद, मुक्ति, वर्ग, श्रमजीवी, सामन्ती, सीमान्तीय

**विषय परिचय**

दिनेश अधिकारी (२०१६) आधुनिक नेपाली गीतमा विविध विषयका गीत रचना गरी स्थापित भएका गीतकार हुन् । उनका अविराम यात्रा (२०४८), *आफ्नै मन आफ्नै आँगन* (२०५४), मन र मोडहरू (२०६३) तथा यो सम्भिने मन छ (२०७९) गरीचार वटा गीत सङ्ग्रहहरू प्रकाशित छन् । यी सङ्ग्रहहरूका अधिकांश गीतका विषय निम्नआर्थिक समुदायका समस्यामा आधारित रहेका छन् । यस आलेखका निम्ति वर्गीय पीडाको प्रस्तुतिमा सबल रहेका 'सहिदको रगत हो', 'जीवन भनुँ त घात छ', 'मानिसको बस्तीबिच', 'स्वयम्भूका आँखाहरू', 'नेपालीको सुख दुःखदश', 'ज्यामी कान्छो', 'के सोचे'थे सहिदले', 'मेरो भन्नु ओताउन', 'ढुङ्गा फोर्दै', तिमी गा'छौ शीर्षकका दश वटा गीतलाई वर्गीय प्रतिनिधि गीतका रूपमा चयन गरिएको छ । अधिकारीका गीतमा समाजमा विद्यमान अन्याय, अत्याचार र विभेदको प्रस्तुति गरिएको पाइन्छ । उनले निम्न वर्गीय किसान, मजदुर, आदिवासी किनारीकृत समुदायका भावनालाई प्राथमिकतामा राखेर गीत रचना गरेका छन् । उनले समाजमा सामन्ती संस्कारका कारण हेपिएका, चेपिएका, विद्रोह र प्रतिकार गर्न नसक्ने, राज्यका अधिकारबाट वञ्चित भएकाहरूको पीडालाई सम्बोधन गरी गीत रचना गरेको देखिन्छ ।

आर्थिक हैसियत र राजनीतिक सत्ता-शक्तिमा पहुँचका हिसाबले समाज विभिन्न वर्गमा विभाजित छ । यो विभाजन समाजमा प्रचलित परम्परागत ढाँचा नै हो । पिछडिएका देशहरूमा यो

अद्यापि सक्रिय छ र यसले आम नागरिकलाई समेत विभिन्न वर्ग उपवर्गमा विभाजन गरी समाजवादी सोचबाट पर पुऱ्याएको छ ।

नेपालका सन्दर्भमा धन र शक्तिले सम्पन्नलाई उच्च वर्ग र आर्थिक रूपमा कमजोर तथा अधिकारविहीन पारिएकालाई निम्न वर्ग भनिएको पाइन्छ । नेपाली समाजमा जाति व्यवस्थाका कारणले, प्रविधि र पूर्वाधारका कारणले, क्षेत्रगत विकटताका कारणले, आर्थिक असमानताका कारणले, शक्ति समीकरणमा एकाधिकार जस्ता कारणले गर्दा वर्ग विभेदी व्यवस्थाले जरा गाडेको देखिन्छ । दिनेश अधिकारीका गीतमा यिनै विषयहरू समावेश भएका छन् । यस अध्ययनमा ती गीतमा उत्पीडनका स्वरहरू के कसरी प्रकट भएका छन् र के कस्तो प्रतिरोधी आवाज प्रकट भएको छ भन्ने विषयको विश्लेषणसहित मूल्याङ्कनगरी निष्कर्ष निकालिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनमा दिनेश अधिकारीका गीत सङ्ग्रहहरू र तिनका विषयमा भएका पूर्वाध्ययन तथा वर्गसम्बन्धी सैद्धान्तिक सामग्रीहरू पुस्तकालयीय स्रोतबाट सङ्कलन गरिएका छन् । पाठपरक विश्लेषणका निम्ति सोद्देश्य चयन गरिएका दश वटा गीतहरूलाई वर्गीय उत्पीडन र प्रतिरोधका स्थितिका आधारमा विश्लेषण गरिएको छ ।

## वर्गीय अवधारणा

प्रकृतिले दिएको महिला र पुरुष दुई भेदभन्दा फरक सामाजिक भेद नै वर्ग हो । यो सामूहिक सहभागिताभन्दा पनि सामाजिक विभेदबाट सिर्जना भएको देखिन्छ । आदिम साम्यवादी प्रणालीको विघटन र निजी स्वामित्व, आर्थिक असमानता तथा शोषण देखा परेपछि वर्ग विभेदको प्रारम्भ भएको हो (बार्बेस्किना र अन्य, सन् १९८६, पृ.८६) । प्राचीनकालको समानतामा आधारित साम्यवादी समाजव्यवस्था, दासयुगमा मालिक र दासको विभाजनले पृष्ठभूमिमा ल्याएको वर्ग विभाजनको सङ्केत तथा दासयुगको पतनपछि सामन्ती सत्ताको प्रभुत्व देखिएपछि जुन खालको सामाजिक वर्गीय संरचना बन्न पुग्यो, त्यो अद्यापि कायम छ ।

जर्मन दार्शनिक कार्लमार्क्स र फ्रेडरिक एङ्गेल्सले समाजको अहिलेसम्मको इतिहासलाई नै वर्ग सङ्घर्षको इतिहास भएको निष्कर्ष दिएका छन् । यही मान्यतालाई लिएर वर्गका विषयमा चिन्तन अघि बढेपछि वर्गसम्बन्धी मान्यता विकसित भएको हो (भट्टराई, २०७७, पृ.६२) । मार्क्सवादी सिद्धान्तअनुसार वर्गीयताभित्र समाजका उच्च, मध्यम र निम्न गरी मूलतः तीन तहको वर्गीय स्वरूप पर्छन् । यहाँ जुन वर्गको पक्षमा भएका रचनाकारिताको विश्लेषण गर्ने उद्देश्य राखिएको छ, त्यो वर्ग भनेको निर्धा, निमुखा, दबिएका, हेपिएका र ओझेलमा परेकालाई बुझाउँछ । यस्ता वर्गीय पात्रलाई सर्वहारा भन्ने गरिन्छ । वर्गीय अध्ययन भन्नाले उत्पीडित समुदायको खोजी, चिनारी र उनीहरूका बारेमा लेख्ने बोल्ने कार्य बुझिन्छ (बराल, २०७७, पृ. १७२) । सामन्ती समाजको ध्वंसबाट पैदा भएको आधुनिक बुर्जुवा समाजले पनि वर्गविभेदको अन्त्य गर्न सकेन (भट्टराई, २०७७, पृ. ६३) । यसले केवल पुराना वर्गका स्थानमा नयाँ स्थापना र सङ्घर्षको पुरानो रूपको सट्टामा नयाँ रूप खडा गरिदिएको छ (मार्क्स, एङ्गेल्स, सन् १९८८, पृ.१६) । पनि यो पछिल्लो समयमा इतिहास लेखनका साथै साहित्य कलाको समाजशास्त्रीय अध्ययन गर्ने क्रममा विकास भएको मान्यता हो ।

लेनिनका अनुसार वर्ग मानिसहरूको समूह हो । वर्गहरू सामाजिक उत्पादन प्रणालीका कारण एकअर्काबाट भिन्न भई आफ्नो स्थान निर्धारण गर्दछन् । उत्पादन सामाजिक प्रक्रिया हो, त्यही कारण वर्गहरू मानिसहरूका समूह हुन् । यहाँ एउटा समूहले अर्को समूहको श्रमको शोषण गर्दछ (भट्टराई, २०७७, पृ.६४) । वर्गको अध्ययनमा ग्राम्सीको सीमान्तीय अवधारणा समेतलाई जोडेर हाल सांस्कृतिक

वर्गका स्वरूपहरूबारे विश्लेषण गरिँदै आएको छ । पुँजीपति र सर्वहारा हुँदै प्रभुत्वशाली र सीमान्तीय अवधारणामा आइपुगेको अध्ययन परम्परामा वर्ग विभेदमाथिकै विविधताको स्वरूपहरू विस्तारित र परिवर्तित हुँदै गएका हुन् । साहित्यका विविध विधामा विभेदका यी पक्षबाट यथार्थपरक सिर्जना भएका हुन्छन् । गीत विधाको आरम्भ श्रम गीतकै रूपमा सामूहिक गानबाट विकसित भएको इतिहास छ । यसले जीवनको जटिलतालाई जादुमय अभिव्यक्ति दिन्छ । विशाल श्रमजीवी जनसमुदाय र त्यसको सङ्घर्षद्वारा सिर्जित परिवर्तनशील यथार्थ नै परिवर्तनशील भावका गीतका कथ्य हुन् (ब्रेख्त, सन् १९७७. पृ.४२२) । यस अध्ययनमा वर्गीय उत्पीडनका यिनै अवधारणामा आधारित भएर गीतकार दिनेश अधिकारीका गीतको विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

**दिनेश अधिकारीका गीतमा प्रस्तुत वर्गीय उत्पीडन**

गीतकार दिनेश अधिकारीका गीतमा विभिन्न वर्गीय पात्रलाई सम्बोधन गरिएको छ । उनका गीतमा शोषक र शासितबिचका विभेदयुक्त सम्बन्धको प्रस्तुतिका निम्ति समाजका उच्च, मध्यम र निम्न तीनै वर्गका चरित्रहरूको प्रतिनिधित्व रहेको छ । तिनमा समाजमा व्याप्त वर्ग विभेदको प्रस्ट स्वरूप छ । ग्रामीण र सहर दुवै परिवेशको सामाजिक जीवनशैली र व्यक्तिगत भोगाइलाई दृश्यमा ल्याइएका ती गीतमा गरिब वर्गमाथि हुने गरेको थिचोमिचो, अन्याय, अत्याचार र असमानता प्रकट भएका छन् । प्रकार्यका दृष्टिले कला साहित्यले जीवनजगत्को संज्ञानात्मक, विचारात्मक र सौन्दर्यात्मक मूल्याङ्कन र पुनर्सिजन गर्दछ । बाह्य यथार्थबाट टिपिएको कथ्यले संज्ञानात्मक, विश्वदृष्टिकोण (अथवा विचारधारा) ले विचारात्मक र कलात्मक प्रतिबिम्बनको प्रक्रिया (पद्धति) ले सौन्दर्यात्मक प्रकार्य गर्छन् (पाण्डेय, २०५६, पृ.३५) । गीतकार दिनेश अधिकारीका गीतमा संज्ञानात्मक र सौन्दर्यात्मक पक्ष बलियो देखिन्छ । उनको *अविराम यात्रा*गीत सङ्ग्रहबाट एउटा गीतिअंश विश्लेषणका निम्ति यहाँ प्रस्तुत गरिएको छ :

न बास छ न आश छ
मान्छेहरूकै त्रास छ
जहाँ म खोज्छु उठूँ भनेर
त्यहीँ असारे भास छ

(*अविराम यात्रा*, जीवन भनूँ त घात छ, पृ. ६३)

उल्लिखित गीतमा गाँस, बास र कपासको समस्यामा परेको गरिबीले सताइएका निम्न वर्गीय पात्रको निराशाको कथा रहेको छ । गरिबलाई जताबाट पनि त्रास छ भन्ने मार्मिक प्रसङ्ग यहाँ आएको छ । न त बस्नको लागि कुनै घर छ, न घरको सम्भाव्यता र आशा, यस्तो अवस्थाले निम्न वर्गमा पनि सबैभन्दा निरीहता खेपिरहेको पात्रलाई यहाँ प्रथमपुरुष कथन पद्धतिमा अभिव्यक्त गरिएको छ ।यहाँ जमिनको असमान वितरण र श्रमजीवी वर्गले भोग्नुपरेको दासत्वको स्थिति अभिव्यञ्जित छ । 'मान्छेहरूकै त्रास छ' भन्ने गीतिअंशले समाजमा व्याप्त शोषणको पराकाष्ठालाई सङ्केत गरेको छ । सामन्ती समाजमा हुने यातना, दासत्व र हीनताबोध प्रकट भएको यस गीतको रचनाकाल पञ्चायती व्यवस्थाको एकदलीय अत्याचार र दमनको समय भएकाले यहाँ सत्तालाई प्रत्यक्ष नभनी 'मान्छेहरू' शब्दबाट प्रकट गरिएको छ । यसमा सामन्त र सत्ताको चौतर्फी त्रास भन्ने बुझिन्छ । । यसरी नै उठ्न खोज्दा असारे भास छ भन्ने भावबाट गरिबीको अन्त्य लगभग असम्भव नै रहेको संशयपूर्ण स्थितिको चित्रण भएको देखिन्छ । धनले धनै तान्छ र ऋणले ऋणै तान्छ भन्ने उखानको अर्थजस्तै बासको टुङ्गो नभएको नाजुकस्थितिमा भोक र रोगले पनि सताउने कुरा स्पष्ट नै छ । यस गीतमा अधिकारीले आर्थिक अभावमा बाँच्न विवश पात्रले सामाजिक सम्बन्धमा समेत भरोसा गर्न नसकेको शोषणयुक्त स्थितिलाई उजागर गरेका छन् ।

दिनभरि खेतबारीमा काम गर्ने किसानले श्रमको उचित मूल्य पाएका हुँदैनन् । उनीहरूको श्रमको फल कथित उच्चवर्गका सामन्ती शोषक वा दलालहरूले खाइरहेका छन् । किसानहरूले वर्षभरि पसिना बगाएर उत्पादन गर्दछन् (भट्टराई, २०७८, पृ ७८) । यसरी उनीहरूको समान बजार जाने बेलामा बिचौलियाहरूले नाफा जति सबै खाइदिन्छन् । यसरी किसानलाई सामन्ती समाज र राज्यसत्ताले विभेदभित्र नै राखिरहेको हुन्छ । अधिकारीका गीतमा यस विषयलाई प्रस्तुत गरिएको छ :

किसानको भोको पेट भरिँदैन फेरि भनें
पौरखीको पसीनाले रूनुपर्छ फेरि भनें
गरिबको आँशु लाग्छ
श्रमिकको पाप लाग्छ

(*अविराम यात्रा,* शहिदको रगत हो, पृ.११)

प्रस्तुत गीतांशमा खेतबारीमा काम गर्ने किसानलाई आफैले गरेको मेहनतले वर्षभरि खान नै नपुग्ने अवस्थाको प्रसङ्ग रहेको छ । सामन्ती समाजमा उत्पादन सम्बन्धको आधार सामन्तको जमिनमाथिको निजी स्वामित्व र भूदासको आंशिक स्वामित्वमा आधारित हुन्छ । सामन्तले किसानलाई जमिन दिए पनि खाली त्यो प्रयोग गर्नका निम्ति मात्र हुन्छ (लारिमर, सन् २००६, पृ. १३८) । एकातिर जमिनमा उसको अधिकार नहुनु र अर्कोतिर श्रमको उचित मूल्य नहुनु, यी दुवै स्थितिले किसान भोकभोकै पर्ने स्थितिमा रहेको छ । उत्पादनको ठुलो भागमा जमिन्दारको मुख्य स्वामित्व र उसैको नाफामुखी र विलासी सोचले अन्न उब्जाउने किसान भूदास बन्न पुग्छ, जमिन्दार भने जमिनको बहानामा किसानबाट अनेक सेवा लिइरहन्छ । किसान आंशिक आयमा भोकभाकै काम गर्न बाध्य हुन्छ। पौरख गरेर परिवार पाल्न नसकेपछि ऊ आफ्नै पसिनाका निम्ति रुनुको विकल्प पाउँदैन । यसरी गरिब किसानका न्यायकाबारेमा बोल्ने र उनीहरूको समस्या बुझ्ने मानिस नहुँदा किसानहरू सधैँ मर्कामा परेका हुन्छन् । किसानका लागि भनेर बनेका अनेकौँ सघसंस्थाहरूले वास्तविक समस्यामा परेको मानिसलाई भन्दा पहुँच भएका मानिसलाई प्राथमिकतामा राखेको हुन्छ । यसरी राज्यबाट नै किसानहरूलाई किनारीकृत पारिएको हुन्छ । नेपालमा यस्तै स्थितिले गर्दा किसानहरूले कि त खेतीपाती नै छोड्नु परेको अवस्था रहेको कि त घाटा खाएरै खेती लगाउनु परेको इतिहास देखिन्छ । यसरी राज्यको पहुँचबाट पनि टाढा हुने र आर्थिक रूपमा पनि विपन्न बनाइएका किसानका पक्षमा उल्लिखित गीत रचना भएको छ । प्रतिरोध चेतनाका हिसाबले चाहिँ यस गीतमा दृढ आवाज मुखरित हुन सकेको देखिँदैन । पाप र श्रापको परम्परागत धार्मिक कानुनबाट जमिनदारले किसानलाई न्याय दिएको त देखिँदैन । तर पनि संवेदनशील गीतकार नेपाली समाजमा व्याप्त सामन्तहरू धार्मिक रूपले आडम्बरी समेत हुने भएकाले तिनलाई पाप र श्रापका माध्यमबाट आत्मिक दृष्टितिर खिँच्ने प्रयत्न गर्दछन् । मार्क्सवादी वर्ग सिद्धान्तले भने यस्तो अन्याय, असमानता र उत्पीडनको अन्त्य केवल प्रतिरोधले मात्र हुँदै जाने मान्यता राख्दछ ।

कथित उच्च वर्गले जहिले पनि निम्न वर्गलाई हेप्ने र कज्याउने प्रयत्न गर्दछ । उनीहरूले हैकमबाट कमजोरमाथि सकेजत्ति दबाव र तनावको वातावरण सिर्जना गरिरहेका हुन्छन् । पछिल्लो समयमा आएर मानिसदेखि मानिस नै असुरक्षित हुनुपर्ने भएको सामाजिक संरचना बनेको पाइन्छ । गीतकार अधिकारीको एउटा गीतिअंशमा विभेदको एउटा अर्को स्वरूप र त्यसप्रतिको प्रतिरोधी चेतनाका निम्ति अत्याचारीलाई पहिचान गर्नुपर्ने भावपरोक्ष रूपले प्रकट भएको छ :

जिन्दगीको फाँटभरि बिझाउने बगर छन्
मानिसको छाती टेक्न मानिस नै तयार छन्
कोक्याउन थालेको छ आफन्तको छायाँ पनि
परैबाट पोल्न खोज्ने कति कति नजर छन् ।

(*अविराम यात्रा,* स्वयम्भूका आँखाहरू, पृ.७५)

गीतकार दिनेश अधिकारीले मानिसका जीवनबारे प्रस्तुत गीतमा प्रतीकात्मक शैलीमाचिन्तन प्रकट गरेका छन् । फाँट र बगर दुई निकटवर्ती शब्द हुन् । जहाँ फाँट हुन्छ, त्यहाँ नजिकै बगर पनि हुन्छ । बगर जमिनको किनारीकृत स्थिति हो । एकातिर नदी फाँट बनाउँछ, अर्कोतिर बगर पनि बनाउँछ । बगर नदीको प्रताडनाले सिर्जित विषय हो भने फाँट नदीको उर्वरास्वरूपको परिणति हो । समाज नदीमय भएर पनि त्यो सबैका निम्ति हुनसकेको छैन । त्यसभित्र बगरका दुःखहरू पनि छन् । बगर बालुवाको वर्ग हो । निर्माणमा तिनको प्रयोग अपरिहार्य छ तर आफै चाहिँ बगर सदैव सुख्खा छ, तिर्खामै छ । गीतको भावले बगर मानिसको रहर होइन, विवशता मात्र पनि होइन, यो विभेद हो भन्ने भाव अभिव्यक्त गरेको छ । मानिसको छाती मानिसले टेक्ने विषय अधिकारीका गीतमा धेरै ठाउँमा प्रयोग भएको पदावली हो । यस्तो असामाजिक प्रवृत्तिप्रति गीतमा प्रतिरोध चेतना प्रकट हुने सङ्केत 'कोक्याउन थालेको छ' मार्फत प्रकट भएको छ । यहाँ स्वयम्भूका समानताका आँखाको विपर्यासमा परैबाट पोल्न खोज्ने नजरको कुरा उठाइएको छ । यसरी हेर्दा प्रस्तुत गीतिअंशमा अन्तःचेतनामार्फत विभेदको अन्त्यका निम्ति सचेतना जगाउने प्रयास गरिएको देखिन्छ ।

समाजमा देखापरेका विभिन्न असमानता मध्ये वर्गीय भेदभाव एक प्रमुख हो । यसमा एक पक्षले अर्को पक्षलाई सधै सीमान्तकृत बनाइराख्न चाहन्छ । समाजमा सबैलाई समान रूपमा हेर्न नचाहनेहरू नै शोषक वर्ग हुन् । त्यस्तै सधैँ मेहनत मात्र गरिरहने र उनीहरूको परिश्रमको उचित मूल्य नपाउने वर्ग नै सीमान्तकृत समुदाय हुन् । तलको गीतिअंशमा वर्गीय असमानताको अन्त्य हुनु या गरिनुपर्ने भाव अभिव्यक्त छ :

ठूलो-सानो भेदभाव देख्यो कि त धुनुपर्छ
यौटा घर यौटा गोठ सबैसँग हुनुपर्छ
पसिना हो हाम्रो बाटो, समता हो पुग्ने ठाउँ
बाँच्ने हक सबैलाई बराबरी हुनुपर्छ ।

(*आफ्नै घर आफ्नै आँगन*, नेपालीको सुखदुख, पृ.२)

प्रस्तुत गीतमा वर्ग विभेदको अन्त्यका निम्ति सचेत आवाज आएको छ । समाजवादी मान्यतामा रहेको यसमा गीतमा सबै मानिस समान हुनुपर्ने र सबैले जीवनको आधार र उत्पादनमा बराबरी हक पाउनुपर्ने न्यायसङ्गत विचारमा जोड रहेको छ । यसमा कसैको झुपडी पनि नहुने त कसैको महल हुनु हुँदैन भन्ने भाव आएको छ । सबैको समान रूपमा घर र गोठ हुनुपर्ने र समताका निम्ति समान सहभागिताको विचार प्रकट भएको छ । यसरी सबैको आर्थिक अवस्था समान भयो भने सबैले समान व्यवहार पाउनेछन् । नेपालको मौलिक हकले पनि सबै नागरिकलाई समान हकको व्यवस्था गरेको छ । तर व्यवहारमा त्यस्तो समान व्यवस्था रहेको पाइँदैन भन्ने भाव यस गीतमा लुप्त रूपमा प्रकट भएको छ । समाजमा जबसम्म वर्गीय भेदभाव रहिरहन्छ, तबसम्म वर्गसङ्घर्ष रहिरहेको हुन्छ । यसलाई समाजवादी सोचबाट अन्त्य हुनुपर्ने कुरामा गीतकारले दृढ स्वर प्रकट गरेका छन् ।

विकास र समृद्धिको परिभाषा गरिबको जिन्दगीमा लेखिएको सहजै पाइँदैन र यो लेख्ने र लेख्न छुटाउने पनि हामी मानिसकै समाज हो । एकातिर गरिबले पसिनाको मूल्य पाउन कठिन भइरहेको हुन्छ भने अर्कोतिर उच्च वर्गकाहरू गरिबका पसिनाको कमाइमा रजाइँ गरिरहेका हुन्छन् । अर्थकाअभावका कारणले उनीहरूलाई परिवार, समाज र राज्यले नै अनेक बहाना बनाई दबाइरहेको हुन्छ । यहाँ एउटा श्रमिकको व्यथा यसरी प्रकट भएको छ :

बाटोघाटो खुल्यो भन्छन् उसको जाने ठाउँ छैन
अँध्यारो छ आँखाभरि उज्यालोको नाउँ छैन
उसको पनि देश हो यो कहिले भन्न थाल्ने हो ?

कहिले पेट भर्ने हो कहिले भोटो फेर्ने हो
हाम्रो गाउँको ज्यामी कान्छो आँसु पिउँदै मर्ने भो

(*आफ्नै घर आफ्नै आँगन*, ज्यामी कान्छो, पृ.१४)

बाटो भएर पनि जाने गन्तव्य नहुनुँ निकै मार्मिक अवस्था हो ।प्रस्तुत गीतिअंशमा विकासको दृश्यबाट बन्चितएउटा ज्यामी कान्छोको जीवनी प्रस्तुत भएको छ । यहाँ राज्यसत्ताको स्वार्थ भौतिकविकासमा देखिन्छ, आफ्ना नागरिकको अवस्थामा सुधार ल्याउनु र तिनको विकास गर्नुलाई सत्ताले दायित्व मान्दैन । राज्य उत्पीडित वर्गमाथि उत्पीडक वर्गको आर्थिक, राजनीतिक तथा सांस्कृतिक प्रभुत्व र उत्पीडन कायम गर्ने साधन हो (किरण, २०६७, २००) । ज्यामी कान्छो ग्रामीण समाजमाश्रमजीवी वर्गको प्रतिनिधि पात्र हो । ऊ बाँचेको समाजमा गाडी गुड्ने बाटो त बनेको छ, विकासको लहर गाउँसम्म पुगेको छ तर अशिक्षा, अन्याय र भोकले कतै जाने योग्यता बनाउन नसकेको ज्यामी कान्छो यस गीतको दुःखान्त चरित्रका रूपमा आएको छ । उसले सधैँ अध्यारो जीवन बाँचिरहेको देखिन्छ । उसलाई राज्यले कुनै प्रकारको सेवा सुविधा दिएको देखिँदैन । सधैँ सीमान्तकृत बस्न विवश ज्यामी कान्छो देशको कुनै पनि वर्गमा परेको देखिँदैन । उसलाई कसैले पनि सहयोग गरेको पाइँदैन । उसले राज्य छ भन्ने कुरा पनि बिर्सिसकेको देखिन्छ । सोही कारणले गर्दा ऊ उत्पीडित वर्ग हो । ज्यामी काम निकै कठिन हुन्छ, भारी बनाउने र बोक्ने उसलाई श्रमअनुसारको ज्याला दिइँदैन । यस विभेदले गर्दा दैनिक काम गरेर पनि खान लाउन सधैँ अपुग छ । एक जोर कपडा फेर्नका लागि वर्षौं कुर्नुपर्ने ज्यामी कान्छो देश आफ्नो पनि हो भन्ने भावले बाँच्न पाएको छैन । गीतकार अधिकारीले हाम्रो गाउँको ज्यामी कान्छो आँसु पिउँदै मर्ने भो गीति पङ्क्तिमा अत्याचारी शासन व्यवस्था छिटो हट्ने सम्भावना नभएको सङ्केत गरेर नै ज्यामी कान्छाको मृत्युको सङ्केत गरेका हुन् भन्न सकिने आधार गीत र यथार्थ दुवैतिर विद्यमान छन् ।

रिक्सावालाको श्रम र अभाव अनुभवमा आधारित अर्को गीत पनि यस्तै उत्पीडनले भरिएको छ । रिक्सावाला भन्ने बित्तिकै ऊ तराईको पात्र हो भन्ने बुझिन्छ । भौगोलिक रूपमा पनि एउटा अर्को वर्ग रिक्सावालको वर्गभित्र पसिसकेको छ । अर्को कुरा रिक्साको आम्दानीले परिवार र आफ्नो गुजारा गर्नु अनि भएभरका संस्कृतिका गर्जो टार्नु निकै कठिन हुन्छ । त्यसैले रिक्सावालाको पीडाको गानमा वर्ग र व्यवस्थाको सग्लो अनुसार देखिन्छ :

धानेको छु आफ्नो जुनी आफैँ मरीमरी
फाटेको छ घाम-पानी मेरो आङभरि
कमाइ पो भन्नु के छ ? छाक टार्न पुग्छ
लुगाफाटो हाल्नुपरे पेटै काट्नुपर्छ
बाँधेको छु भोक-प्यास, ओढ्छु आफ्नै छाला
धर्तीको छ चाला हजुर ! म हुँ रिक्सावाला

(*आफ्नै घर आफ्नै आँगन* धानेको छु आफ्नो जुनी, पृ २६)

प्रस्तुत गीतमा गरिबीको स्थानीय स्वरूपलाई प्रस्तुत गरिएको छ । हाम्रोजस्तो सांस्कृतिक सामाजिक संरचनामा पुरुषले आफ्नो कमाईद्वारा परिवार पाल्नुपर्ने नियम छ । रिक्सावालाले भने दिनभरि काम गरेर पनि बेलुकाको छाक टार्नलाई नै धौधौ परेको अवस्था रहेको छ । राजनीतिक अव्यवस्थाका कारणले गर्दा महङ्गी ह्वात्त बढेको छ । खानेकुराको व्यवस्था गरे लगाउने कपडाको अभाव, लगाउने कपडाको व्यवस्था गरे खाने कुराको अभाव भएको प्रसङ्ग यसमा समावेश भएको छ । राजनीतिक सत्ता र सम्पन्न व्यक्तिको जीवनयापन र व्यवहारमा आमूल परिवर्तन भएको छ तर गरिब जनताको अवस्था उस्तै रहेको कुरा यहाँ प्रकट भएको पाइन्छ । वर्ग दमनमा एक वर्गले अर्को वर्गलाई दमन र उत्पीडन गर्छ । दमनका आधार पुलिस, सेना र नोकरशाहीतन्त्र हुन्छ । त्यसले तल्लो वर्गमाथि उत्पीडन र दमन

गर्छ (भट्टराई, २०७७, पृ.९७) । यसमा रिक्सावालाको दिनभरिको कमाइले खानको लागि मात्र पुग्छ भन्ने आशय आएको छ । त्यसैले यहाँ कामको समान अवसर नभएको, ज्यालामा हेपिएको, श्रमको उचित मूल्याङ्कन नभएका कारणहरूले निराश बनेको उत्पीडनको स्वर प्रकट भएको छ ।

दिनेश अधिकारीका गीतमा उत्पीडनका तुलनामा प्रतिरोधी स्वर केही सुस्त सुनिएको छ । यसको कारण उनी पञ्चायती निरङ्कुशताका समयका गीतकार हुनुको साथै त्यसै राज्यसत्ताभित्रका प्रशासनिक व्यक्ति भएका कारणले पनि चेतनाको खुला प्रकटीकरणमा उनले सोच्नुपर्ने परिस्थिति थियो । यहाँ सर्वहाराकै स्वरमा मिसिएर उनको विचार प्रकट भएको छ :

म त हात जोत्ने मान्छे ! ठूला कुरा जान्दिनँ
आफ्नै सुख सोच्नेलाई म त ठूलो मान्दिन
ठूला कुरा धेरै सुन्यौं-उस्तै छ यो देश
फेरिएझैं लाग्छ खालि अगुवाको भेष

(*म बिर्सूँ कसरी,* सबै भन्छन्, पृ ५१)

उल्लिखित गीतिअंशमा कर्मयोगी किसानको स्वाभिमान र आत्मबललाई देखाउन खोजिएको छ । किसानले दश नङ्ग्रा खियाएर खेती गर्छ । उसले हलो मात्र होइन, हात पनि जोतेको जुन कलात्मक अभिव्यक्ति गीतमा आएको छ, यसले दुःखको सौन्दर्य प्रकट गरेको छ । किसानको काम खाद्यान्न उत्पादन हो, यही खाएर मानिसको जीवन रक्षा हुन्छ । खेती किसानी सेवाको काम हो, किसानका निम्ति त व्यवसाय हुँदै होइन । यहाँ नेताहरू आफ्नै सुखको खोजीमा छन्, गरिबको निम्ति देशको कुनै जिम्मेवारी छैन र फेरि ती नेतालाई नै ठूलो मान्नुपर्ने गलत संस्कार हामीकहाँ रहेको छ । गीतमा आफ्नो सुखका बारेमा मात्र सोच्नेहरूलाई ठूलो नमान्ने विचार आएको छ । मान्छे त अरूलाई मद्दत गरेर पो ठूलो हुने हो, यहाँ देशमा त नेता बन्नको लागि जनतालाई विभिन्न आश्वासन दिने गर्दछन् । किसान र कृषि परियोजनाका निम्ति भनेर विभिन्न शीर्षकमा बजेट छुट्टिने गर्दछ तर त्यसको उपयोग भने आवश्यकताअनुसारका किसान र मजदुरले गर्न पाउँदैनन् । किसानको नाममा आएको विभिन्न अनुदानहरू पनि नेताको भाइ भारदारले नै खाने चलन चल्दै आएको उदाहरणहरू देख्न सकिन्छ । सोही कुरा यस गीतिअंशमा प्रस्तुत गरिएको छ ।

भरियाको वर्ग पनि विभेदमै परेको वर्ग हो । मूलतः हिमाली र पहाडी भेगका श्रमिकहरू बाटो घाटो नबनेका समयमा भरिया भएर व्यापारीका सामान विकट गाउँगाउँमा पुऱ्याउने गर्दथे । हिमाली र पहाडी केही भूभागमा आज पनि त्यो प्रचलन छँदैछ । तिनका निम्ति ज्यान जोखिममा पारेर जानुपर्ने हुन्छ । व्यापारीले तिनको पसिनाको मूल्य दिँदैन । यसरी भरियाको जीवन कहालीलाग्दो भीर सरह नै हुने भाव व्यक्त गरिएको गीतिअंश यहाँ प्रस्तुत छ :

मलाई था'छ धेरै चोटी भारी सुक्यो तिम्रो आङमा
भोक-तिर्खा मनमै बाँधी हिडिँराख्यौ चर्को घाममा
भीरको बाटो अंश तिम्रो- भीरकै मात्र भर भो
घरको लागि पाहुना तिमी- बाटै तिम्रो घर हो

(*म बिर्सूं कसोरी,* भरियाको जुनी, पृ.५४)

उल्लिखित गीतमा भरियाको कहानी रहेको छ । अरूको काम गरेर घर व्यवहार समालेका भरियाले कहिले राहतको सास फेर्न पाएनन् । उनीहरू कहिले पूर्व त कहिले पश्चिम हिँडी नै रहे । यसरी हिँड्ने क्रममा कहिले झरीमा भिजेरै हिँडे त कहिले घाममा पसिना भएर बगे । कहिले भोकै, कहिले प्यास लाग्दा लाग्दै हिडिरहनु पर्ने बाध्यता रहेको हुन्छ । कहिले भिरको बाटो हुँदै हिड्नुपर्छ भने कहिले उकाली जानुपर्छ । यसरी भारी बोकेर हिँड्ने भरियाको घरमा आगमन भने पाहुनाको जस्तै कहिलेकाहीँ हुने गर्दछ । उनीहरूको दुःख, पीडा र कष्ट कसले बुझ्ने भन्ने प्रश्न सधैँ आइरहन्छ ।

भरियाको जोखिमपूर्ण जीवन बचाइ नै वर्गीय उत्पीडनको अर्को यथार्थ हो । अझ भारी खेप्न गएका अभिभावक नफर्किन्जेल परिवारले झेल्नुपर्ने भोकमरी र मानसिक पीडाको यहाँ व्याख्या गरेर सकिँदैन ।

ऋणमा डुबेकाहरूको कथा हालैका दिनहरूमा निकै साहसका साथ प्रकाशमा आए । यहाँ जिन्दगीलाई साहुको ऋण किस्ताबन्दीमा तिरेजस्तो भनेर वर्गीय पीडाको एक दृष्टान्तसँग जीवन भोगाइका अन्य व्यथित पाटाहरूलाई तुलना गरिएको छ :

जिन्दगी यो यस्तै छ
किस्ताबन्दी साहुको ऋण
तिरे जस्तै छ
उसको चित्त दुख्ला भन्यो
आफ्नो इच्छा मार्दै गयो
उसको निम्ति बाटो छोड्यो
आफू पछि पर्दै गयो
जहिलै पनि आफूलाई
अचानोमा राखेजस्तै छ
जिन्दगी यो यस्तै छ ...

(*मन र मोडहरू*, जिन्दगी यो यस्तै छ, पृ ८९)

प्रस्तुत गीतमा जीवन बाँच्नका लागि गर्नुपरेका सम्झौताहरूको चित्रण गरिएको छ । विभिन्न समस्यालाई प्रस्तुत गर्ने क्रममा त्याग र बलिदानका प्रसङ्गहरूलाई बुन्दै लगिएको छ । यहाँ साहुलाई व्याज र पैसाको किस्ता तिरेको सरह बाँच्ने साहस बटुल्न गाह्रो भएको उल्लेख छ । अरूको इच्छा र आकाङ्क्षालाई पूरा गर्दागर्दै आफ्नो भविष्य त्यतिकै गइरहे पनि त्यसको महत्त्व नभएको कुरा उनले आफू सधैँ अचानोमा राखेजस्तै भएको भन्ने भनाइबाट प्रस्ट भएको छ । वर्ग सङ्घर्ष र पुँजीवादले गर्दा गरिब झन गरिब नै भइरहेका छन् । अवसर पाएर अघि बढ्नेहरू जहिलै अगाडि रहेको हुन्छ । उनीहरू अगाडि बढेपछि पछाडिका भुइँमान्छेलाई बिर्सिन्छन् । ती भुइमान्छेहरू अनेक समस्या लिएर संसारभरि फैलिएका छन् । यहाँ यही दुःखको कथालाई सस्वर गरिएको छ :

छोडेर आएँ हातको मुट्ठी
खोजेर व्यर्थै पोल्टामा खुसी
रोएरै आऊँ भने'नि मन यो
सुनेर कोही हुँदैन दुःखी
एक्लै छु सधैँ भिडमै पनि
सुस्केरा मात्रै छ ओठभरि
के गर्दै होली मायालु मेरी
नूनको ढिको पोल्दै पो छ कि ?

(*आफ्नै घर आफ्नै आँगन*, के गर्दै होली, पृ.८७)

प्रस्तुत गीतिअंशमा धन कमाउन परदेसिएकाको दुःखान्त संवेदना प्रकट भएको छ । आफ्नो घर-जहान छोडेर परदेशको बन्धनमा आइपुग्नेको जीवन कथा कति भयावह र भययुक्त हुन्छ भन्ने भाव पनि प्रकट भएको छ । अहिले नेपालका अधिकांश युवाहरू रोजगारीका निम्ति विदेशी भूमिमा जाने प्रचलन रहेको छ । विशेषतः खाडी मुलुकमा थोरै पारिश्रमिकका निम्ति घर छोड्ने बाध्यतामा परेकाहरू निम्न वर्गीय समुदायबाटै छन् । तिनका आँसुको कथा यस गीतमा केही समेटिएको छ । भिडमा पनि एक्लै हुनु आजको समाज व्यवस्थाको दयनीय स्थिति हो । गीतमा नुन पौल्दै होली भन्ने वाक्यांशले समग्र गीतमा आएको व्यथाको सार खिचेको छ । साहुले जायजेथा हडपिदिएपछि पनि निरूपाय भएर परदेसिनेको

सङ्ख्या बढेको छ । यस्तो बेला देशमा त कोही आफ्नो भएनन्, परदेशमा कसैलाई आफ्नोबाहेक अरूको चासो राख्ने फुर्सद हुँदैन । यस्तोबेला मायालु पत्नीलाई उनको दुःखसहित सम्झनुको विकल्प देखिँदैन । यस गीतमा गरिबीको मार्मिक अभिव्यञ्जना भएको छ ।

**निष्कर्ष**

गीतकार दिनेश अधिकारीका गीतमा मानवीय संवेदनासहितको वर्गीय विभेद र उत्पीडनको प्रस्तुति पाइन्छ । मूलतः सामन्ती संस्कारका कारण शोषण र अत्याचारमा परेकाहरूको अवस्थाको चित्रण उनका गीतमा पाइन्छ । वर्गीय उत्पीडनमाथि लेखिएका उनका अधिकांश गीतमा किसानका सङ्घर्ष, अभाव र सामन्तहरूले गरेको विभेदसँगै राज्यसत्ताको अन्यायपूर्ण कृषिनीति र अननुगमन समेतले ल्याएका निराशाहरू प्रकट भएका छन् । यसरी नै भरिया, विकट भूगोलका बासिन्दा, रिक्सावाला, ज्यामी र विदेश पलायन भएका श्रमिक युवाहरूमाथि स्वदेशी तथा विदेशी भूमिमा भइरहेका शोषण र अत्याचारका अवस्थालाई पनि अधिकारीका गीतमा चित्रण गरिएको छ । मूलतः सामन्तवादी समाजको आर्थिक शोषण र अंशतः पुँजीवादी समाजको सांस्कृतिक शोषणका कारण श्रम र शक्ति दुवै हिसाबले विभेदमा परेका मानिसका व्यथाहरू यी गीतमा प्रकट भएका छन् । अधिकारीका गीतको यस अध्ययनबाट उनका गीतमा वर्गीय उत्पीडनका विविध स्वरूपहरूलाई कलात्मक सौन्दर्यका साथ मार्मिक उठान गरिएको पाइन्छ भने प्रतिरोध र प्रतिकारका हिसाबले उनका गीतहरू त्यति सशक्त भेटिँदैनन् । समाजमा रहेका धनी र गरिबबिचको दूरी नयाँ स्वरूपमा बढ्दै गएको र यसको कारण राजनीतिक स्वार्थ, सामाजिक संरचना, धार्मिक रुढि, आर्थिक विभेद, क्षेत्रगत र भूगोलगत दृष्टिकोण भएको तथ्यमाथि अधिकारीका गीतमा भावात्मक चित्रण गरिएको छ । यसर्थ यस अध्ययनमा वर्गीय उत्पीडनका हिसाबले दिनेश अधिकारीका गीतहरू सशक्त र मानवीय संवेदनाले भरिएको निष्कर्ष प्राप्त भएको छ ।

**सन्दर्भ सामग्री**


अधिकारी, दिनेश (२०४८). *अविराम यात्रा.* काठमाडौँ : वाणी प्रकाशन ।

अधिकारी, दिनेश (२०५४). *आफ्नै मन : आफ्नै आँगन.* काठमाडौँ : जीवा लामिछाने ।

अधिकारी, दिनेश (२०६३). *मन र मोडहरू.* ललितपुर : साझा प्रकाशन ।

अधिकारी, दिनेश (२०७५). *म बिर्सूं कसोरी.* काठमाडौँ : साङ्ग्रिला बुक्स ।

पाण्डेय, ताराकान्त (२०५६). *प्रगतिवाद र कविता.* काठमाडौँ : शीला योगी ।

ब्रेख, बर्तोल्त (सन् १९७७). अन राइमलेस भर्सेज विथ इरेगुलर राइम्स. *मार्क्सिस्ट अन लिटरेचर : एन एन्थोलोजी.* लन्डन : पेन्गुइन बुक्स ।

बराल, ऋषिराज (२०७७). *मार्क्सवाद र सबाल्टर्न अध्ययन.* ललितपुर : साझा प्रकाशन ।

बार्वेस्किना ज. किरिलेन्को. र ल. कोर्सुनोवा (सन् १९८६). *ऐतिहासिक भौतिकवाद क्या है ?*, मास्कोः प्रगति प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७७). *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ.* काठमाडौँ : भुडीपुराण प्रकाशन ।

मार्क्स, कार्ल र फ्रेडरिक एङ्गेल्स (सन् १९९८). *कम्युनिस्ट पार्टीका घोषणा पत्र.* मस्को : प्रगति प्रकाशन ।

लारिमर, डग (२००६). *ऐतिहासिक भौतिकवाद का मूल सिद्धान्त* (अनु. अनिम राजिमवाले). दिल्ली : ग्रन्थ शिल्पी ।